# रामधुनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
झुम्का,सुनसरी

नगर कार्यपालिकाको कार्यालय सुनसरी प्रदेश नेपाल

प.स.२०७७/७८

मिति: २०७८।०२।३०

च.न. १६३२

**<u>बिषय :- भेरोसेल खोपको पहिलो मात्रा लगाउने सम्बन्धमा ।</u>**

जिल्ला कोभिड-१९ खोप समन्वय तथा अनुगमन समितिको मिति २०७८।०२।२८ गतेको निर्णय अनुसार यस रामधुनी नगरपालिका अन्तरगत हाल सम्म खोप लिन छुटनु भएका ६० देखी ६४ बर्ष उमेर समुहका व्यक्तिहरुले भेरोसेल खोपको पहिलो मात्रा तपसिल बमोजिमको स्थानमा लगाईने भएको हुदा उमेर खुल्ने कुनै पनि प्रमाण लिई उपस्थित भई खोप लगाउन हुन अनुरोध छ ।

**स्थान :-कोभिड अस्थाई अस्पताल , रामधुनी -५ (कारागार छेउ)**

**मिति :- २०७८ असार १ र २ गते**

**समय:- बिहान ११ वजे देखी बेलुका ४ वजे सम्म**

यस भन्दा अघि खोप लगाउन छुट भएकाहरु (अग्रपंत्तिमा काम गर्ने स्वास्थ्य कर्मी ,म.स्वा.स्व.से.,जनपथ प्रहरी,ट्राफिक प्रहरी ,शसस्त्र,नेपाली सेना,न्याय सेवाका कर्मचारी,अनुसन्धान कार्यालयका कर्मचारी,खानेपानि सस्थांन तथा सेवाका कर्मचारी,नेपाल टेलिकम,बिधुतप्राधिकरण,निजामति कर्मचारी, बाणिज्य बैकंकर्मचारी,पत्रकार,तथा अन्य कर्मचारीको हकमा) जिल्ला कोभिड-१९ खोप समन्वय तथा अनुगमन समितिले तोकेको स्थानमा खोप लिन समितिको निर्णय सलंग्न राखीएको ब्यहोरा अनुरोध छ ।

..................... ७८।०२।३०

प्रमुख प्रशासकिय अधिकृत
रामधुनी नगरपालिका

निर्णय

१) धरान उपमहानगरपालिका बाहेकका अन्य पालिकाहरुमा ६२ वर्ष देखि ६४ वर्ष सम्मको जेष्ठ नागरिकहरुको संख्या अघिल्लो खोप कार्यक्रममा थोरै संख्यामा छुट भएको र अरु उमेर समूहको पनि केहि छुट हुन सक्ने भएकोले खोपको उपलब्धताको आधारमा तत् पालिकाहरुमा खोप लगाउनेको उमेर समूहको दायरा बढाइ ६० वर्ष देखि ६४ वर्ष तोकिएको । यसरि भेरोसेलको पहिलो खोप मात्रा लगाउदा उमेर खोल्ने कुनैपनि प्रमाणको आधारमा मात्र खोप लगाउने ।

२) खोप अभियान संचालन मिति २०७८/०३/०१ देखि ०२ गते सम्म २ दिनको रहने छ ।

३) यो उमेर समुहको हरुको लागि तोकिएको पालिकाहरुमा खोप सेसन बढाएर भए पनि एउटा मात्र केन्द्र तोक्ने ।

४) जिल्ला सदरमुकाममा रहेको पालिकाका जेष्ठ नागरिकहरुको लागि खोप केन्द्र जिल्ला अस्पताल सुनसरी, इनरुवालाइ तोक्ने ।

५) खोपको उपलब्धताको आधारमा यस अघि खोप लगाउन छुट भएको अग्रपंतिमा काम गर्ने स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयं सेविका, जनपद प्रहरी, ट्राफिक प्रहरी, सशस्त्र, नेपाली सेना, निजामति कर्मचारी, न्याय सेवाका कर्मचारी, अनुसन्धान कार्यालयका कर्मचारी, वाणिज्य बैंकको कर्मचारी, खानेपानी संस्थान तथा सेवाका कर्मचारी, नेपाल टेलीकम, विधुत प्राधिकरणका कर्मचारीहरु, पत्रकार र सर्पदंस इटहरीका कर्मचारीहरुलाइ पत्रकारका हकमा पत्रकार महासंघ वा प्रेसको परिचय पत्र र अन्य कर्मचारीको हकमा कार्यालयको काउन्सिल र परिचय पत्रको आधारमा खोप लगाउने । सम्वन्धित निकाय हरुले खोप लगाउन छुट भएका हरुको आधिकारिक नाम सहितको पत्र २०७८/०२/३० आइतवार सम्म dhosunsari@yahoo.comइमेल मार्फत पठाउनु पर्ने । सुची प्राप्त नभएमा वा सुचिमा उल्लेख नभएकाहरुलाई खोप नलगाईने ।

६) सुनसरी जिल्ला भित्र कार्यरत, बार एसोसिएसनका सदस्य, ~~पेट्रोल ढुवानी तथा बिक्रि वितरण केन्द्र का कर्मचारी~~ र अक्सिजन उधोगमा कार्यरत कर्मचारी ( दुर्गा, विनायक,पाथिभरा) हरुलाई सूचिको आधारमा खोप लगाउने । सम्बन्धित निकाय हरुले खोप लगाउन छुट भएकाहरुको आधिकारिक नाम सहितको पत्र २०७८/०२/३० आइतबार सम्म dhosunsari@yahoo.comइमेल मार्फत पठाउनु पर्ने । सुची प्राप्त नभएमा वा सुचिमा उल्लेख नभएकाहरुलाई खोप नलगाईने ।

७) सुनसरी जिल्ला भित्रको पुनरस्थापना केन्द्र कार्यरत field कर्मचारीहरुलाई खोप लगाउने । नाम सहितको पत्र २०७८/०२/३० आइतबार सम्म dhosunsari@yahoo.comइमेल मार्फत पठाउनु पर्ने । सुची प्राप्त नभएमा वा सुचिमा उल्लेख नभएकाहरुलाई खोप नलगाईने ।

८) BPKIHS मा कार्यरत इन्टर्न डाक्टरहरु र खोप लगाउन छुटेका स्वास्थ्यकर्मीहरुको लागि ५०० डोज भेरोसेल पठाउने ।

९) सुनसरी जिल्ला भित्र खोप केन्द्रहरु यस प्रकार हुनेछन ।

| सिन | पालिका | खोप केन्द्र | खोप लगाउने समूह | मिति |
|---|---|---|---|---|
| १ | दुहवी | नगर अस्पताल | ६०-६४ उमेर वर्ष , छुटेका दंगा प्रहरी | २०७८/०३/१-२ सम्म |
| २ | रामधुनी | कोभिडअस्पताल | ६०-६४ उमेर वर्ष मात्र | २०७८/०३/१-२ सम्म |
| ३ | बराहा | नगर अस्पताल | ६०-६४ उमेर वर्ष मात्र | २०७८/०३/१-२ सम्म |
| ४ | कोशी | लौकहीस्वा.चौ. | ६०-६४ उमेर वर्ष मात्र | २०७८/०३/१-२ सम्म |
| ५ | भोकाहा | भोकाहा स्वा.चौ. | ६०-६४ उमेर वर्ष मात्र | २०७८/०३/१-२ सम्म |
| ६ | हरिनगर | हरिनगर प्रा.स्वा.के | ६०-६४ उमेर वर्ष मात्र | २०७८/०३/१-२ सम्म |
| ७ | देवानगंज | देवानगंज स्वा.चौ. | ६०-६४ उमेर वर्ष मात्र | २०७८/०३/१-२ सम्म |
| ८ | बर्जु | अमाहीवेला स्वा.चौ. | ६०-६४ उमेर वर्ष मात्र | २०७८/०३/१-२ सम्म |
| ९ | गढी | औरावानी स्वा.चौ. | ६०-६४ उमेर वर्ष मात्र | २०७८/०३/१-२ सम्म |
| १० | धरान | BPKIHSBPKIHS | इन्टर्न डाक्टर, स्वास्थ्य कर्मी | २०७८/०३/१-२ सम्म |
| ११ | ससस्त्र अस्पताल | ससस्त्र अस्पताल, पकली | ससस्त्र प्रहरी सबै | २०७८/०३/१-२ सम्म |
| १२ | इटहरी | इटहरी अस्पताल | ६०-६४ उमेर वर्ष, नेपाल सेना, सर्पदंस, अक्सिजन उद्योगका कर्मचारी, पत्रकार, इटहरी र धरानमा कार्यरत जनपद प्रहरी र ट्राफिक प्रहरी, ~~पेट्रोल ढुवानी चालक र सहयोगी तथा बिक्रि वितरण केन्द्रका कर्मचारी~~ | २०७८/०३/१-२ सम्म |
| १३ | इनरुवा | जिल्ला अस्पताल सुनसरी, इनरुवा | ६०-६४ उमेर वर्ष, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयं सेविका, न्याय सेवाको कर्मचारी, बाणिज्य बेंकको कर्मचारी, खानेपानी संस्थान तथा सेवाका कर्मचारी, टेलीकम, बिधुतका कर्मचारीहरु, बार एसोसिएसनका सदस्य , पुनरस्थापना गृहका कर्मचारी | २०७८/०३/१-२ सम्म |
| १४ | इनरुवा | जिल्ला प्रहरी कार्यालय | इटहरी र धरानमा कार्यरत बाहेकका जनपद प्रहरी र ट्राफिक प्रहरी, निजामति कर्मचारी, अनुसन्धान कार्यालयका कर्मचारी | २०७८/०३/१-२ सम्म |